राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक
## प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं

मिति : २०८२/१०/०७

**<u>प्रेस विज्ञप्ती</u>**

## राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सवको उपलक्ष्यमा रक्तदान तथा नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

राष्ट्रिय वाणिज्य बैंकको ६१ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको रक्तदान तथा नि:शुल्क स्वास्थ्य शिविर मंगलबार सम्पन्न भएको छ । बैंकको केन्द्रिय कार्यालय काठमाडौं तथा विभिन्न प्रदेशमा रहेका बैंकका प्रादेशिक कार्यालयहरुमा सञ्चालित रक्तदान कार्यक्रममा ४१३ जनाले रक्तदाताले रक्तदान गरेका छन् ।

त्यसैगरी बैंकको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजामा सञ्चालन गरिएको नि:शुल्क स्वास्थ्य शिविरमा २५० जना कर्मचारीले स्वास्थ्य परिक्षण गरेका छन् । उक्त स्वास्थ्य शिविरमा सुमेरु अस्पताल जावलाखेल (ललितपुर)का अनुभवी डाकटरहरुद्वारा बैंकमा कार्यरत कर्मचारीहरुलाई डायबिटिज्, युरिक एसिड तथा आँखा परीक्षण, मृगौला परिक्षण (Kidney function test) सेवा नि:शुल्क उपलब्ध गराईएको थियो भने USG Test लगायतका अन्य स्वास्थ्य परिक्षण सेवा सहुलियतपूर्ण शुल्कमा उपलब्ध गराईएको थियो ।

वि.सं. २०२२ सालमा पूर्ण सरकारी स्वामित्वमा स्थापना भएको राष्ट्रिय वाणिज्य बैंक आउँदो माघ १० गते आफ्नो स्थापनाको ६० वर्ष पूरा गरी ६१ औं वर्षमा प्रवेश गर्दैछ । बैंकले हाल ७ वटै प्रदेशका ७७ जिल्ला सदरमुकाममा सहित दुर्गम क्षेत्रमा समेत गरी ३१३ वटा शाखा कार्यालय, ७१ वटा एक्सटेन्सन काउन्टर, ३२२ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग मार्फत आधुनिक बैंकिङ्ग सेवाहरु उपलब्ध गराईरहेको छ ।

.............................

पवन रेग्मी

उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी


राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको


राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
६१ औं वार्षिकोत्सव समारोह-२०८२
रक्तदान कार्यक्रम
मितिः ६ माघ, २०८२
स्थानः राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय, परिसर